श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४५ सालको ऐन नं. १७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### हुलाक ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः हुलाक ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "हुलाक (तेस्रो संशोधन) ऐन, २०४५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. हुलाक ऐन, २०१९ को दफा २ मा संशोधनः हुलाक ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

862



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ख) "क्षेत्रीय निर्देशक" भन्नाले क्षेत्रीय हुलाक निर्देशनालयको क्षेत्रीय निर्देशक सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा ६८क. मा संशोधनः मूल ऐनको दफा ६८क. को,–

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः–

"(३) उपदफा (१) बमोजिम क्षेत्रीय निर्देशकले गरेको निर्णय उपर सम्बन्धित क्षेत्रीय हुलाक निर्देशनालय रहेको अञ्चलको अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ ।"

(२) उपदफा (५) मा रहेको "अञ्चलको" भन्ने शब्दको सट्टा "क्षेत्रको" भन्ने शब्द राखिएको छ ।

४. मूल ऐनमा दफा ६८ख. थपः मूल ऐनको दफा ६८क. पछि देहायको दफा ६८ख. थपिएको छः–

"६८ख. मुद्दाको तहकीकात र दायरीः (१) यस ऐनबमोजिमको मुद्दाको तहकीकात गर्ने र मुद्दा दायर गर्ने अधिकार सम्बन्धित जिल्ला हुलाक कार्यालयको प्रमुखलाई हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित अधिकारीले मुद्दाको तहकीकात गर्दा सरकारी वकीलको राय लिन सक्नेछ ।"

५. रूपान्तरः मूल ऐनमा ठाउँठाउँमा प्रयोग भएको "नियन्त्रक" भन्ने शब्दको सट्टा "क्षेत्रीय निर्देशक" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

६. खारेजीः हुलाक महशूल ऐन, २०१९ खारेज गरिएको छ ।

लालमोहर सदर मितिः– २०४५।७।१०।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

463



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।